# लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना
(IGBVRN)

## मनोसामाजिक परामर्शकर्ता कार्यशर्त – ToR of Psychosocial Counsellor

### १. पृष्ठभूमि :

लैंगिक हिंसा सम्वोधन सधै नेपाल सरकारको उच्च प्राथमिकतामा राखेको विषय हो । लैंगिक विभेदको एक स्वरुपमा रहेको लैंगिक हिंसा मानव अधिकारको गम्भीर उल्लङ्घन हो। यसले विशेषतः महिला र किशोरीको जीवनमा नकारात्मक असर पार्ने गरेको छ । नेपालको संविधानको धारा ३८(३) मा रहेको महिलाको हक अन्तर्गत - "महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून वमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ"- भनि मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। नेपाल संयुक्त राष्ट्र संघिय महिला विरुद्ध हुने सबै प्रकारका विभेद उन्मुलन गर्ने महासन्धि,१९७९ को पक्ष राष्ट्र हो। संवैधानिक तथा अन्तराष्ट्रिय दायित्व र कानुनी दायित्व पुरा गर्दै लैंगिक हिंसाको न्यूनीकरण तथा अन्त्यका लागि विभिन्न कानूनहरु पारित गरी नीति निर्माण र कार्यक्रमहरु संचालन गरेको छ।

सोह्रौं योजनाले लैङ्गिक समानता एवं सशक्तिकरण, सामाजिक न्याय तथा समावेशीकरणलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने र तहगत तथा क्षेत्रगत समन्वय, सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने रुपान्तरणकारी रणनीति लिएको छ । नेपाल सरकारले महिला हिसां विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद र वहिष्करण विरुद्ध सून्य सहनशीलताको नीति अवलम्वन गरेको छ।

लैंगिक हिंसा सम्वोधनका लागि हाल उपलब्ध सेवाहरु धेरै जसो जिल्ला स्तरमा रहेका छन् । विशेष गरी दुर दराजका क्षेत्रहरुमा गम्भीर रुपले सेवाको अभाव देखिन्छ । लैंगिक हिंसा सम्बन्धी मुद्धा वा उजुरी (Cases) को प्रकृयागत अभिलेखिकरण, केस व्यवस्थापन र सिफारिस गरिएका उजुरीहरु (referrals) को प्रभावकारी कार्यन्वयन हुन आवश्यक देखिएको छ । अधिकांश स्थानीय तहहरूमा लैंगिक हिंसा निवारण कोष (GBV Elimination Fund) स्थापना गरिएको छ, जसको प्रभावकारी रुपमा परिचालन हुन जरुरी छ । यी सवालहरु सम्वोधनका लागि **लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य संस्थागत गर्ने परियोजना (IGBVRN)** संचालनमा रहेको छ ।

Scanned with CamScanner

बहुपक्षिय लैङ्गिक हिंसा प्रतिकार्य सेवाहरुमा महिला तथा बालिकाहरुको पहूँच वृद्दि गर्ने उद्देश्य सहित लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना (IGBVRN) कोशी र लुम्विनी प्रदेशका ६ वटा स्थानीय तहहरु मध्ये मेचीनगरमा सञ्चालन भइरहेको छ । लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि परियोजना कार्यन्वयन इकाईहरु द्धारा संचालनमा रहेका सेफ स्पेस, मोवाइल क्लिनिक र पालिकामा पहिचान भएका लैङ्गिक हिंसा पिडित तथा प्रभावितहरुलाई मनोसामाजिक परामर्श तथा लैङ्गिक हिंसा विरुद्ध समुदायमा जनचेतना कार्यक्रम संचालन आदि परियोजनाको मूख्य क्रियाकलाप रहेका छन् । साथै पूरुष संजाल, स्थानीय तहस्तरिय लैङ्गिक हिंसा मंच लगाएत अन्य अग्रपङ्तिमा रहेका सेवा प्रदायक सस्थाहरु तथा सरोकारवालाहरु संग समन्वय गरि लैङ्गिक हिंसाबाट पिडित वा प्रभावितलाई मनोसामाजिक परामर्श सेवाको व्यवस्था गरिएकोछ।

## २. उद्देश्य :

लैङ्गिक हिंसाबाट पिडित वा प्रभावित व्यक्तिहरुलाई हुन सक्ने मनोसामाजिक जोखिमलाई पहिचान गर्दै गूणस्तरिय परामर्श सेवा प्रदान गरि समुदायमा लैङ्गिक हिंसा न्यूनिकरणका लागि सहयोग गर्ने।

## ३. कार्यविवरण र जिम्मेवारी

- लैङ्गिक हिंसाका कारणले मनोसामाजिक समस्या भएका प्रभावित व्यक्ति तथा परिवारका सदस्यहरुको पहिचान गर्ने र थप सेवा आवश्यक परेमा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने नजिकको अस्पतालमा स्थापित एकद्धार सकंट व्यवस्थापन केन्द्र (OCMC) तथा अन्य सम्वन्धित निकायहरुका सेवा सम्वन्धी जानकारिहरु दिने तथा सम्प्रेषण गर्ने ।
- स्थानीय तहद्धारा संचालन हुने लैङ्गिक हिंसा न्युनिकरण सम्वन्धि संरचनाहरु जस्तै सेफ स्पेस, मोवाइल क्लिनिकलाई सहजिकरण गर्ने र पूरुष संजाल, स्थानीय तहस्तरिय लैङ्गिक हिंसा सम्वोधनका लागि पालिका स्तरीय लैङ्गिक हिंसा मंच (GBV Plate-form) लगाएत अन्य अग्रपङ्तिमा रहेका सेवा प्रदायकहरु तथा सरोकारवालाहरुसँग समन्वय गर्ने ।
- किशोर किशोरी, महिला तथा सीमान्तकृत समुदायका व्यक्ति विरुद्ध हुने लैङ्गिक हिंसा सम्बन्धी तालिम तथा परामर्श कार्यक्रमका सहभागीहरुलाई आवश्यकताको आधारमा मनोसामाजिक परामर्श सेवा बारे जानकारी गराउने ।

- बालबिबाह, आत्महत्या रोकथाम एवम् यौनजन्य तथा लैङ्गिक हिंसा रोकथामका लागि स्थानीय तह स्तरका सरकारी तथा गैरसरकारी संघसंस्था सँग समन्वय तथा सहकार्य गरी समुदाय स्तरका समूह/ क्लबका सदस्य, बिद्यार्थी, शिक्षक तथा अभिभावकलाई अभिमुखीकरण गर्ने ।
- परियोजना कार्यान्वयन इकाईको समन्वय र सहयोगमा परामर्शदाताले आवश्यकता अनुसार मनोसामाजिक सेवा प्रदान गर्ने र जनचेताका कार्यक्रम संचालन तथा सहजिकरण गर्ने ।
- मनोसामाजिक परामर्श सेवा प्रदान गर्दा अपनाउनुपर्ने हिंसा पिडित केन्द्रित आधारभूत सिद्दान्तहरु जस्तैः उपर्युक्त स्थान, आदर, सुरक्षा, गोपनीयता, गैर भेदभाव, सूचित सहमति, शसक्तिकरण र विश्वसनीयता अवलम्वन गर्ने ।
- मनोसमाजिक परामर्श प्राप्त पिडित/प्रभावित तथा मानसिक स्वास्थ्य सेवा प्राप्त गरेका व्यक्तिहरुको तथ्याँक संकलन व्यवस्थापन, मासिक तथा वार्षिक प्रतिवेदन तयार गरी स्थानीय तह तथा परियोजनालाइ उपलव्ध गराउने ।
- हिंसा पिडित/प्रभावितको अवस्था विश्लेषण गरी केसको आधारमा, घट्ना व्यस्थापक तथा केश वर्कर सँग समन्वय गरी विशेषज्ञ मनोचिकित्सक सेवा उपलब्ध गराउन स्वास्थ्य संस्था, कानूनी सहायता, वा आश्रय- **Shelter** सम्वन्धी सेवा प्रवाह गर्ने संस्थासँग समन्यव वा प्रेषण गर्ने ।
- प्रभावितलाई आधारभूत मनोसामाजिक सेवा दिनुका साथै उनीहरुलाई एकद्धार संकट व्यवस्थापन केन्द्र तथा अन्य सम्वन्धित निकायहरुमा उपलब्ध हुने सेवाको वारेमा जानकारी गराउने ।
- पहिचान भएका र परामर्श सेवा लिई घर फर्किएका पिडित तथा प्रभावितहरुको अनुगमन गर्ने र आवश्यकता भएमा समुदाय तथा घर परिवार स्तरमै फलोअप परामर्श सेवा उपलब्ध गराउने ।
- मनोसमाजिक परामर्श प्रशिक्षण, क्षमता विकास कार्यक्रमहरूमा सहभागी हुने तथा सञ्चालन गर्ने।
- सासाहिक परियोजना समन्वय बैठकहरू र कर्मचारीहरुको नियमित वैठकमा सहभागि हुने ।
- स्वास्थ्यकर्मीहरू र महिला स्वयम सेविकाहरूलाई तालिम सञ्चालन गर्न सहयोग गर्ने ।

## ४. शैक्षिक योग्यता तथा कार्य अनुभव

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्युनतम प्रमाण पत्र उत्रिण गरेको ।
- मनोविमर्श परामर्श तथा मनोसामाजिक क्षेत्रमा तालिम तथा सुपरिवेक्षण गर्ने दक्षता राखेको संस्थाबाट कम्तिमा ६ महिना तालिम लिएको हुनुपर्नेछ ।
- कम्तिमा ३ वर्ष मनोसामाजिक क्षेत्रमा समुदायमा काम गरेको अनुभव भएको हुनु पर्नेछ ।
- सम्वेदनशीलता र गोपनीयताको उच्च ज्ञान, समझदारी र पालना गर्ने सिप भएको ।

- समानुभूतिपूर्ण व्यवहार र सक्रिय सुनाई (Active Listening) सम्बन्धी सीप भएको हुनुपर्ने ।
- कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान भएको ।

**५. कार्य अवधि :** परियोजना अवधि, २०८३ असार मसान्त।

**६. प्रतिवेदन :** मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन कार्यक्रमका सम्पर्क व्यक्तिसंगको समन्वयमा केस म्यानेजरलाई पेश गर्ने।

**७. अपेक्षित उपलव्धी :**

- मनोसामाजिक परामर्श सेवा दिएका हिंसा पिडित तथा प्रभावितहरूको तथ्याँक व्यवस्थापन ।
- मनोसामाजिक परामर्श सम्वन्धि जनचेताका कार्यक्रम संचालन तथा सहजिकरणको प्रतिवेदन ।
- कार्यक्रम सम्पन्न, मासिक तथा वार्षिक प्रतिवेदन ।
- एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) तथा अन्य सम्वन्धित निकायमा प्रेषण भएका हिंसा पिडित/प्रभावितकहरुको तथ्याँक अध्यावधिक तथा व्यवस्थापन ।
- एकद्धार संकट व्यवस्थापन केन्द्र तथा अन्य सम्वन्धित निकायहरुमा उपलब्ध हुने सेवाको जानकारिमूलक सूचनाको संकलन ।

Scanned with CamScanner

# लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना
# (IGBVRN)

## केस वर्करकोलागि कार्यशर्त (Term of Reference of Case Worker)

### १. पृष्ठभूमि :

लैङ्गिक हिंसा सम्बोधन नेपाल सरकारले शून्य सहनशीलताको नीति लिएकोछ । लैगिक विभेदको एक स्वरुपमा रहेको लैगिक हिंसा मानव अधिकार को गम्भीर उल्लङ्घन हो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले लैङ्गिक हिंसा रोकथाम तथा सम्वोधनका लागि विभिन्न प्रावधानहरू समेटेको छ। ऐनको अनुसूची ८ मा व्यवस्था भएको एकल अधिकार अनुसार स्थानीय तहहरुले लैङ्गिक हिंसा रोकथाम तथा सम्वोधनका लागि लैङ्गिक समानता प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने, घरेलु हिंसा, लैङ्गिक हिंसा, बालविवाह, बहुविवाह, बाल श्रमजस्ता सामाजिक कुरीति न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था गरेको छ ।गाउँसभा / नगरसभाले लैङ्गिक हिंसाविरुद्धका कार्यक्रमको समीक्षा र अनुगमन गर्ने र लैङ्गिक हिंसाबाट पीडितको उद्धार, संरक्षण, परामर्श सेवा र कानुनी सहायता प्रदान गर्ने व्यवस्था गरेको छ ।

यसै सन्दर्भमा लैङ्गिक हिंसा पिडित तथा प्रभावितहरुलाई लैङ्किक हिसा रोकथाम तथा प्रतिर्कायका लागि एकिकृत सेवामा पहूँच पुर्याउन र स्थानीय तहका संस्थागत संरचानालाई बलियो बनाउदै सवल तथा सभ्य समाज निर्माणमा सहयोग गर्न लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत पहुँच परियोजना (IGBVRN) संचालनमा रहेको छ।यस परियोजनाले लैङ्किक हिसाबाट पिडीत तथा प्रभावितहरुलाई न्यायमा सहज पहूँच, जनचेतना अभिवृद्धि र सम्प्रेषण लगायत अन्य कार्यहरु गर्दै आएको छ ।उक्त कार्यहरुलाई सहजिकरण गर्न केसवर्कर (Case Worker)को आवश्यकता रहन्छ । स्थानीय तहमा लैङ्गिक हिंसा पिडित तथा प्रभावितहरुको आवश्यकताको विश्लेषण गरी अन्य सेवा प्रदायक संस्थाहरुसँगको समन्वयमा सेवा उपलव्ध गराउने कार्यमा केस वर्करको महत्वपूर्ण भूमिका रहन्छ ।

### २. उद्देश्य :

स्थानीयस्तरमा लैङ्गिक हिंसा पिडित वा प्रभावितको आवश्यकताको पहिचानका साथै उपयुक्त सेवा योजना तयार गरी लक्षित वर्गको पहूँच सुनिश्चितता गर्ने ।

३. कार्यविवरण र जिम्मेवारी

- हिंसा प्रभावित वा पिडित व्यक्तिहरूको केस पहिचान र मूल्याङ्कन गर्ने र व्यक्तिको आवश्यकता अनुसार योजना बनाउने र सेवा प्रवाह सुनिश्चित गर्ने।
- महिला मैत्री सुरक्षित स्थान र मोवाइल क्लिनिक संचालन तथा व्यवस्थापनमा सहयोग गर्ने ।
- केस फाइलहरूको गोप्य व्यवस्थापन गर्ने र नियमित रूपमा केसको प्रगति रिपोर्ट तयार गर्ने र सम्बन्धित निकायलाई बुझाउने।
- व्यक्तिगत केस योजना तयार पर्ने र आन्तरिक वाह्य सेवा प्रदायक संग समन्वय गरी सेवाको पहूँच सुनिश्चितता गर्ने ।
- सुरक्षा, गोपनीयता, मर्यादा, गैर-भेदभाव, र क्षति नगर्ने सिद्धान्तहरूको पालन गर्दै केसको अभिलेख सुरक्षित गर्ने ।
- हिंसा पिडित तथा प्रभावितहरु सम्बन्धी कुनै पनि कार्यहरु तथा प्रेषणका लागि अग्रिम सहमति लिने ।
- कार्यक्षेत्रमा कुनै पनि नैतिक मापदण्ड वा आचरण संहिताको उल्लङ्घन भएमा सम्बन्धित निकायमा रिपोर्टिङ्ग गर्ने ।
- जोखिमको लेखाजोखा (Risk Assessment) तथा सुरक्षा सम्वन्धी योजनाको विकास गर्ने ।
- लैंगिक हिंसा तथ्याँक व्यवस्थापन (GBV Data Management) मा सहयोग गर्ने ।
- हिंसा पिडित/प्रभावितको सङ्कलित जानकारीको विश्लेषण गरी प्रतिवेदन समीक्षाका लागि Case Manager लाई पेश गर्ने ।
- समुदायस्तरमा अभिमुखिकण सचेतना र क्षमता अभिवृद्धीका कार्यक्रममा सहयोग गर्ने।
- हिंसा रोकथाम तथा तत्काले सेवा प्रदान गर्नका लागि सामुदायिक मनोसामाजिक कार्यकर्ता (CPSW) को अनुगमन तथा समन्वय गर्ने ।
- मासिक त्रैमासिक तथा वार्षिक प्रतिवेदन तयार गरी सम्वन्धित निकायहरुमा पेश गर्ने ।
- आकस्मिक घटनामा तत्काल सम्वोधन गर्ने ।
- नगरपालिका स्तरमा गठन हुने GBV Platform को कार्यमा सहयोग गर्ने ।
- सम्प्रेषण सेवालाई प्रभावकारी वनाउन सहयोग गर्ने ।

६. शैक्षिक योग्यता तथा कार्यानुभव

- मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्युनतम प्रमाणपत्र उतिर्ण  गरेको ।
- लैङ्गिक हिंसा सम्बन्धित वा सामाजिक सेवामा कम्तिमा ३ वर्ष काम गरेको अनुभव।
- लैङ्गिक हिंसा सम्वन्धित तथ्याँक संकलन व्यवस्थापन रिर्पोर्टिङ्ग प्रेषण सम्वन्धि अनुभव ।
- लैङ्गिक हिंसा, सामाजिक परिचालन र जनचेतनामूलक तालिम गोष्ठी मा सहभागि भएको वा संचालन गरेको अनुभव ।
- प्रभावकारी सञ्चार, समन्वय र संवेदनशीलता कायम राख्ने क्षमता।
- गोपनीयता र व्यावसायिकता कायम राख्न सक्ने।
- आवश्यक परेमा स्थानीय भाषामा सेवा दिन सक्ने।
- कम्प्यूटर सम्वन्धी ज्ञान सिप भएको ।

**५. कार्य अवधि** : परियोजना अवधि, २०८३ असार मसान्त।

**६. प्रतिवेदन** :

- मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन कार्यक्रमका सम्पर्क व्यक्तिसंगको समन्वयमा केस म्यानेजरलाई पेश गर्ने।
- लैङ्गिक हिंसा पहिचान भएका केसको तथ्याँक प्रतिवेदन केस म्यानेजरलाई पेश गर्ने ।

**७. अपेक्षित उपलब्धी** :

- लैङ्गिक हिंसा पिडित तथा प्रभावितको पहिचान भई आवश्यक सेवा उपलब्ध भएको हुनेछ ।
- आवश्यक सेवाहरुमा लैङ्गिक हिंसा पिडितहरु/प्रभावितको पहूँच अभिवृद्दिका लागि सहजिकरण भएको हुनेछ ।
- सेवा प्रदायक सस्थाहरुसंग आवश्यकताको आधारमा समन्वय गरी सेवा उपलब्धतामा सहयोग गरेको हुनेछ ।
- कार्यक्रम सम्पन्न, मासिक तथा वार्षिक प्रतिवेदन उपलब्ध भएको ।
- अन्य सम्वन्धित निकायमा प्रेषण भएका हिंसा पिडितहरुको अध्यावधिक तथ्याँक व्यवस्थापन
- लैङ्गिक हिंसा सम्बन्धी तथ्यांक (GBV Related Data) व्यवस्थापन प्रभावकारी रुपमा भएको हुनेछ ।
- महिला मैत्री सुरक्षित स्थान र मोवाइल क्लिनिक संचालन तथा व्यवस्थापनमा सहयोग पुगेको हुनेछ ।
- सम्प्रेषण सेवा प्रभावकारी बनाउन सहयोग पुगेको हुनेछ ।